**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः १५ मई २०२६**
समयः १८:५० - १९:०५ बजे *(अवधि १५ मिनट)*

**<u>प्रमुख समाचार</u>**

- पश्चिम बंगाल विधान सभामा रथेंद्र बसु निर्विरोध अध्यक्ष निर्वाचित हुनुभएको छ। कार्यवाहक अध्यक्ष तापस रॉयको निरीक्षणमा आज बिहान चुनाव सम्पन्न भयो।
- पश्चिम बंगालका मुख्यमन्त्री शुभेन्दु अधिकारीले विधानसभामा राज्य विधानसभाको कार्यवाही चाँडै लाइव स्ट्रीम गरिनेआज घोषणा गर्नुभयो।
- पश्चिम बंगाल सरकारले आर.जी. कर मेडिकल कलेज मामिलामा तीन आईपीएस अधिकारीहरूलाई निलम्बन गरेको छ। मुख्यमन्त्री शुभेन्दु अधिकारीले उनीहरू विरुद्ध विभागीय अनुसन्धान गरिने बताउनुभएको छ।
- किराँती खम्बु राई सांस्कृतिक संस्थान सोनादा शाखाको आयोजनामा किराँती समुदायको महान सांस्कृतिक तथा धार्मिक पर्व उभौली पूजा श्रद्धा, भक्ति र उत्साहका साथ सम्पन्न भएको छ।
- घुम बोइजका विद्यालयका विद्यार्थी मुस्ताफा हुसैनले यस वर्षको उच्चतर माध्यमिक परीक्षामा दार्जीलिङ जिल्लामा प्रथम स्थान हासिल गरेको छ।

**<u>पश्चिम बंगाल - अध्यक्ष रथेंद्र बसु</u>**

पश्चिम बंगाल विधान सभामा रथेंद्र बसु निर्विरोध अध्यक्ष निर्वाचित हुनुभएको छ। श्री बसुले कुचबिहार दक्षिण विधानसभा क्षेत्रबाट भारतीय जनता पार्टीको प्रतिनिधित्व गर्नुहुन्छ। कार्यवाहक अध्यक्ष तापस रॉयको निरीक्षणमा आज बिहान चुनाव सम्पन्न भयो।मुख्यमन्त्री शुभेन्दु अधिकारीले श्री बसुको नाम औपचारिक रूपमा प्रस्ताव गर्नुभयो। सदनले ध्वनि मतदान द्वारा उहाँको नामको पुष्टि गर्‍यो।तृणमूल कांग्रेसका सदस्य चुनाव प्रक्रियाको समयमा उपस्थित थिएनन् तर पछि सत्रमा सामेल भए।सर्वसम्मत समर्थन पछि, मुख्यमन्त्री शुभेन्दु अधिकारी र विपक्षका नेता शोवन्देब चट्टोपाध्यायले रथेन्द्र बसुलाई अध्यक्षको कुर्सीमा पुर्‍याउनुभयो।

**<u>शुभेन्दु अधिकारी लाइव स्ट्रीम</u>**

पश्चिम बंगालका मुख्यमन्त्री शुभेन्दु अधिकारीले विधानसभामा राज्य विधानसभाको कार्यवाही चाँडै लाइव स्ट्रीम गरिनेआज घोषणा गर्नुभयो।
उहाँले भन्नुभयो यस पहलको उद्देश्य पारदर्शिता बढाउनु र जनतालाई उनीहरूका निर्वाचित प्रतिनिधिहरूको कामकाजसित प्रत्यक्ष जोड्नु हो।
विधानसभामा सम्बोधन गर्दै मुख्यमन्त्रीले अबदेखि पश्चिम बंगाल विधानसभा भित्रको कार्यवाही लाइव प्रसारण गरिने बताउनुभयो।उहाँले भन्नुभयो राज्यका जनताले वास्तविक समयमा सदनको गतिविधि हेर्न र उनीहरूका निर्वाचित विधायकहरूले बहस र चर्चामा कसरी भाग लिइरहेका छन् भनेर बुझ्नेछन्।मुख्यमन्त्रीले शासन प्रणालीमा पारदर्शिता सुनिश्चित गर्न यो कदम चालिएको बताउनुभयो।शुभेन्दु अधिकारी अनुसार, सदनमा सांसदहरूलाई निर्वाचित गरेका नागरिकहरूलाई आफ्ना प्रतिनिधिहरूले कसरी सार्वजनिक मुद्दा उठाइरहेका छन् र आफ्नो जिम्मेवारी कसरी निर्वाह गरिरहेका छन् भनेर जान्न पाउने अधिकार छ।

शुभेन्दु अधिकारीले लाइभ स्ट्रिमिङ व्यवस्था मार्फत मतदाताहरूले आफ्ना निर्वाचित नेताहरू सदनमा कति सक्रिय छन् र जनहितका मुद्दाहरूलाई कति गम्भीरतापूर्वक उठाइरहेका छन् भन्ने कुराको मूल्याङ्कन गर्न सक्ने बताउनुभयो।

## पश्चिम बंगाल बंगलादेश सीमा

पश्चिम बंगालका मुख्यमन्त्री शुभेन्दु अधिकारीको नेतृत्वमा भारतीय जनता पार्टी सरकारले बंगलादेशको सीमामा लंबित बाड़ लगाउने कार्यलाई तीव्रता दिन सीमा सुरक्षा बल (बीएसएफ) लाई जमीन हस्तान्तरण गर्न तीन-स्तरीय रणनीति तयार गरेको छ।राज्य सचिवालय सूत्रहरु अनुसार सरकारले यो सम्पूर्ण प्रक्रिया 45 दिन भित्र सम्पन्न गर्ने लक्ष्य राखेको छ।

सुत्रहरु अनुसार रणनीतिको पहिलो चरणमा, अन्तर्राष्ट्रिय सीमाका ती भागहरूमा उपलब्ध सरकारी जमीन तुरुन्तै बीएसएफलाई सुम्पीनेछ जहाँ अहिलेसम्म बार लगाइएको छैन,। यस चरणमा काँडेतार लगाउने पहिलो चरण तत्काल सुरु गरिनेछ ।

दोस्रो चरणमा, सीमानासित रहेका निजी भूखंड अधिग्रहण गरिनेछ। जमीन मालिकहरूलाई हालको बजार मूल्यभन्दा बढी दरमा क्षतिपूर्ति दिने योजना छ। जमीन अधिग्रहण गरिसकेपछि, बार लगाउने दोस्रो चरण सुरु गर्न सकोस् भनेर यसलाई बीएसएफलाई हस्तान्तरण गरिनेछ।

तेस्रो चरणमा सीमा क्षेत्रका अतिक्रमित जमीन खाली गरिनेछ।

सरकारले यी जमीनहरू कब्जामा लिनेछ र बीएसएफलाई हस्तान्तरण गर्नेछ, ताकि सम्पूर्ण प्रक्रिया पूरा गर्न सकियोस्। राज्यकी मुख्य सचिव नन्दिनी चक्रवर्तीलाई यो सम्पूर्ण प्रक्रियाको निगरानीको जिम्मेवारी दिइएको छ।उहाँलाई "विकास कार्यको प्रधान समन्वयक " को रूपमा नियुक्त गरिएको छ र उहाँले बीएसएफलाई जमीन हस्तान्तरण प्रक्रियाको सहज सम्पन्नताको निरीक्षण गर्नुहुनेछ।

## पश्चिम बंगाल निलंबन

पश्चिम बंगाल सरकारले आर.जी. कर मेडिकल कलेज प्रकरणमा तीन आईपीएस अधिकारीहरूलाई निलम्बन गरेको छ। कर्तव्यमा लापरवाही गरेको, पीडितका आमाबाबुलाई घुस दिएको र सरकारी अनुमति बिना मिडिया ब्रिफिङ गरेको आरोपमा आज कोलकाताका पूर्व पुलिस आयुक्त विनीत गोयल, पूर्व उपायुक्त इन्दिरा मुखर्जी र अभिषेक गुप्तालाई निलम्बित गरेको छ। मुख्यमन्त्री शुभेन्दु अधिकारीले मिडियालाई बताउनु भए अनुसार उनीहरू विरुद्ध विभागीय अनुसन्धान गरिनेछ। आर.जी. कर मेडिकल कलेज तथा अस्पतालमा कार्यरत एक महिला स्नातकोत्तर रेजीडेंट डाक्टरको अगस्ट २०२४ मा दुष्कर्म र हत्या गरिएको थियो। पीडितका आमाबाबुले न्यायको माग गर्दै आएका छन्। डाक्टरकी आमा रत्ना देवनाथ पनिहाटी निर्वाचन क्षेत्रबाट नवगठित पश्चिम बंगाल विधान सभामा निर्वाचित भएकी थिइन्। आर.जी. कर घटनाले राज्य, देश र विदेशमा व्यापक विरोध प्रदर्शन भएको थियो।

## महिला टोल-फ्री हेल्पलाइन नम्बर

पश्चिम बङ्गालमा महिलाहरूको सुरक्षा सुनिश्चित गर्नको लागि नयाँ व्यवस्था लागू गर्ने दिशामा कदम अगाड़ि बढ़ाइएको छ। भाजपाको सरकार बनेपछि राज्यमा महिलाहरूको लागि टोल-फ्री हेल्पलाइन नम्बर जारी गर्ने निर्देश दिइएको छ जसलाई जियो-ट्रयाकिङ्ग तकनिकसित जोड़िनेछ।

यस आशयको जानकारी गराउनु हुदै आसनसल दक्षिणकी विधायक तथा मन्त्री अग्निमित्रा पालले भन्नुभयो, राज्यमा महिलाहरूलाई पूर्ण स्वतन्त्रता दिने दिशामा यो एउटा महत्वपूर्ण पहल हो। उहाँले भन्नुभयो, अब महिलाहरू कुनै पनि समयमा कुनै पनि आवश्यकताको लागि घरदेखि बाहिर जान सक्नेछन् र आफ्नो रूचिकर पहिरण लगाउन सक्नेछन् वा आफ्नो जीवनशैली अप्नाउनको लागि कुनै पनि प्रकारको रोकको सामना गर्नु पर्नेछैन। उहाँले, प्रस्तावित हेल्पलाइन नम्बर 181 हुनेछ जसको माध्यमबाट आपतकालीन स्थितिमा सम्पर्क गरे सम्बन्धित महिलाको लोकेशन तुरून्त ट्रेस गर्न सकिन्छ अनि उसलाई सहायता उपलब्ध गराइनेछ। यस अतिरिक्त राज्यको प्रत्येक थानामा महिला

हेल्प डेस्क स्थापित गर्ने योजना पनि लागू गरिंदैछ ताकि महिलाहरूसित सम्बन्धित मामिलाहरूको संवेदनशील तथा तत्काल समाधान हुन सकोस् भनि बताउनु भयो।

**पूर्व खाद्य मन्त्री रथीन घोष/ ईडी**

पश्चिम बंगालका पूर्व खाद्य मन्त्री एवं मध्यमग्रामबाट तृणमूल कांग्रेस विधायक रथीन घोष आज बिहान प्रवर्तन निर्देशनालय (ईडी) को साल्टलेकस्थित कार्यालय पुगेका छन्। घोषलाई नगर निकाय भर्ती घोटाला प्रकरणको अनुसन्धानको क्रममा केन्द्रिय एजेन्सीले पटक-पटक समन जारी गरेको थियो।

स्रोतका अनुसार, रथीन घोष बिहान लगभग १०:३० बजे सीजीओ कम्प्लेक्सस्थित ईडी कार्यालय पुगेका हुन्। कार्यालय प्रवेश गर्नुअघि सञ्चारकर्मीहरूसँग कुराकानी गर्दै उनले आफूलाई कुन कारणले बोलाइएको हो भन्ने जानकारी नभएको बताएका थिए।

ईडीले नगर निकाय भर्ती घोटाला प्रकरणमा अनियमितता तथा आर्थिक कारोबारसम्बन्धी अनुसन्धान गरिरहेको छ। यसै क्रममा विभिन्न राजनीतिक नेता तथा प्रशासनिक अधिकारीहरूसँग सोधपुछ भइसकेको छ।

केन्द्रिय एजेन्सी स्रोतहरूका अनुसार, रथीन घोषसँग सोधपुछ शुरु भइसकेको छ। नगर निगम भर्ती प्रकरणसँग सम्बन्धित भ्रष्टाचारका विभिन्न कागजात अनुसन्धान एजेन्सीको हात लागेकाले सोही आधारमा उनीसँग बयान लिने कार्य भइरहेको बताइएको छ।

उल्लेखनीय छ, यही प्रकरणमा तीन दिनअघि पूर्व अग्निसमन मन्त्री तथा टीएमसीका प्रभावशाली नेता सुजीत बोसलाई पनि सोधपुछका लागि बोलाइएको थियो, जसपछि उनलाई पक्राउ गरिएको थियो।

**लङभ्यू चियाबारी**

लङभ्यू चियाबारीका श्रमिकहरूको रिले अनशनले 22औं दिन पुरा गऱ्यो तर अझसम्म उनीहरूको माग पूरा हुनसकेको छैन। खरसाङ खण्ड अन्तर्गत पर्ने लङ्भ्यू कमानमा चियाश्रमिकहरूको रिले अनशन जारी नै छ।

कमानका श्रमिकहरूको पीएफ, ग्र्याजुटी, बकाया हाजिरा, वेतन आजसम्म कमानपक्षले भुक्तान नगरेको विरोधमा चिया श्रमिकहरू रिले अनशनमा बसेका हुन्। आज 22 दिन पुरा हुँदा पनि यसमाथि कमानपक्षले कुनै पहल नगरेको श्रमिकहरूको आरोप छ।

चियाश्रमिकहरूले जनाए अनुसार लङभ्यूका श्रमिकहरूको  पी.एफ. मई 2026 सम्म लगभग 10 करोड रुपियाँ,  ग्र्याच्युटी 83 लाख 31 हजार 4 सय 68 रुपियाँ, पाँच महिनाको स्टाफ वेतन लगायतका बकाया रकमहरू रहेको छ।

गत 10 मार्चको दिन लङभ्यू कमान विषय भएको सम्झौता अनुसार आजसम्म कमानको समस्या समाधान हुन नसकेकोमा चियाश्रमिकहरू क्षुब्ध बनेका छन्।  चियाश्रमिकहरूलाई न्याय दिलाउन GTA अनि राज्य सरकारले यथाशीघ्र पहल गर्नुपर्ने माग पनि उठिरहेछ।

**खरसाङ आगलागी**

खरसाङस्थित भिक्टोरिया बोइज स्कुलको पुरानो क्वार्टरमा भीषण आगलागी भएको छ। आज दिउँसो लगभग ३ बजेर ३० मिनेट तिर खरसाङको भिक्टोरिया बोइज स्कुल परिसरभित्र रहेका पुराना क्वार्टरमध्ये एकमा अचानक भीषण आगलागी भएको छ। आगो  द्रुतगतिमा फैलिएको कारण स्कुलका कर्मचारी तथा स्थानीय बासिन्दाहरूले केही गर्ने अवसर नै नपाएको बताइएको छ।

स्थानीयले तुरुन्तै खबर गरेपछि दमकलका टोलीहरू समयमै आइपुगेका थिए र कडा मेहनतपछि आगोलाई नियन्त्रणमा लिन सफल भए। भिक्टोरियाका स्थानीय राकेश गजमेरका अनुसार, क्वार्टर पूर्ण रूपमा खरानीमा परिणत भए तापनि स्कुल भवन तथा अन्य संरचनामा कुनै क्षति पुगेको छैन।

**किराँती खम्बु राई सांस्कृतिक संस्थान सोनादा**

किराँती खम्बु राई सांस्कृतिक संस्थान सोनादा शाखाको आयोजनामा किराँती समुदायको महान सांस्कृतिक तथा धार्मिक पर्व उभौली पूजा श्रद्धा, भक्ति र उत्साहका साथ सम्पन्न भएको छ।

कार्यक्रममा स्थानीय किराँती खम्बु राई सोनादा शाखाका प्रतिनिधिबर्ग अनि सदस्यहरूको, उल्लेखनीय उपस्थिति रहेको थियो। माङमा सोभा राई द्वारा विधि पुर्वक पुजा आर्चना गर्दै प्रकृतिपूजक किराँती धर्मावलम्बीहरूले सुम्निमा–पारुहाङको आराधना गर्दै राम्रो खेतीपाती, सुख–शान्ति, समृद्धि तथा मानव कल्याणको कामना गरेको संस्थानका सचिव अजय राईले जानकारी दिएका छन् ।

उभौली पर्वले चराचुरुङ्गी, वनस्पति र मानिसहरू उँभो अर्थात् लेकतिर उक्लने प्राकृतिक चक्रलाई प्रतीकात्मक रूपमा प्रतिनिधित्व गर्दछ। यस पर्वले प्रकृतिप्रतिको सम्मान, पुर्खाहरूको स्मरण तथा सामुदायिक एकताको सन्देश दिने विश्वास गरिएको छ।

कार्यक्रममा सहभागीहरूले आफ्नो मौलिक भेषभूषामा सजिएर साकेला सिली नृत्य प्रस्तुत गरेका थिए। ढोल, झ्याम्टा र परम्परागत बाजागाजासहित प्रस्तुत गरिएको सिली नृत्यले सम्पूर्ण वातावरणलाई उल्लासमय बनाएको थियो।

संस्थाका शाखा पदाधिकारीहरूले यस्ता धार्मिक तथा सांस्कृतिक कार्यक्रमहरूले नयाँ पुस्तालाई आफ्नो मौलिक संस्कार, परम्परा र पहिचानसँग जोडेर राख्न महत्त्वपूर्ण भूमिका खेल्ने बताएका छन्।

## मरमा प्रेमसुन्दर उच्चतर माध्यमिक विद्यालय

मरमा प्रेमसुन्दर उच्चतर माध्यमिक विद्यालयले स्थपनाको पचास वर्ष पुगेको अवसरमा विद्यालय पृक्षागृहमा वर्षव्यापी रूपमा भव्यताको साथमा स्वर्ण जयन्ती शुरू गर्यो। सह शिक्षक विषम राई अनि शिक्षिका प्रजानिका ठटालले सञ्चालन गरेको कार्यक्रमको अध्यक्षता विद्यालयका शिक्षक प्रभारी राजेश राईले गरेका थिए भने , भूतपूर्व प्रधान अध्यापक पी.सी. देउसा प्रमुख रूपमा उपस्थित थिए। यसरी नै विशिष्ट अथितिमा विद्यालयका संस्थापक सदस्यहरु तथा पूर्व शिक्षकहरुको उपस्थिति रहेको थियो| कार्यक्रम अध्यक्ष,प्रमुख अथिति अनि विशिष्ट अथितिगणले माता सरस्वतीको प्रतिकृतिमा दीप अनि धुप प्रज्वलन गरि शुरू भएको कार्यक्रममा विद्यालयका दिवङ्गत शिक्षक शिक्षिकाहरूको आत्मा शान्तिको कामना गर्दै एक मिनटको मौन पालन गरेपछि पचास वर्षको केक काटेर कार्यक्रम अध्यक्ष तथा विद्यालयका शिक्षक प्रभारी राजेश राईले आजदेखि वर्षव्यापी रूपमा विद्यालयको स्वर्ण जयन्ती कार्यक्रम शुभारम्भ भएको घोषणा गर्नुभयो। कार्यक्रममा विद्यार्थीहरूले स्वागत नृत्य, विद्यालय गीत,लगायत अन्य कार्यक्रमहरू प्रस्तुत गरे।

## मालदा तस्कर पक्राउ

मालदा जिल्लामा लागूऔषध विरुद्ध ठूलो कारबाहीमा इंग्लिशबाजार थाना पुलिसले ब्राउन शुगर बनाउने कच्चा पदार्थ सहित एक तस्करलाई पक्राउ गरेको छ। आरोपीलाई दश दिनको पुलिस हिरासतमा राख्न माग गर्दै आज मालदा अदालतमा पेश गरियो। पक्रा परेको अभियुक्त दक्षिण दिनाजपुरको कुमारगंज निवासी रहेको जानकारी प्राप्त भएको छ। जफत गरिएको कच्चा पदार्थको अनुमानित बजार मूल्य लगभग 20 देखि 22 लाख रुपियाँ अनुमान गरिएको छ। मालदाका पुलिस अधीक्षक अनुपम सिंहले आज पत्रकार सम्मेलनमा यो जानकारी दिनुभएको हो।

पुलिस अधीक्षक अनुसार, सूचनाको आधारमा बिहिवार राति अंग्रेजी बजारको बधापुकुर क्षेत्रमा विशेष अपरेशन गरियो। अपरेशनको क्रममा एक संदिग्ध युवकलाई रोकेर खानतलासी गर्दा युवकबाट ब्राउन शुगर बनाउने 730 ग्राम कच्चा पदार्थ जफत गरिएको थियो। पुलिसले तस्करी कार्यमा संलग्न अन्य व्यक्तिहरु विरुध अनुसन्धान सुरु गरेको छ ।

**********